आ.व. २०७६/७७ : बैठक संख्या: २
बैठक मिति : २०७६/०४/१४

छलफल तथा निर्णय

१. राष्ट्रिय विकास समस्या समाधान समितिको ४३औं बैठकको निर्णय अनुसार माननीय सदस्य डा. कृष्णप्रसाद ओलीको संयोजकत्वमा गठित समितिले तयार गरेको "चुरे तथा संरक्षित क्षेत्रमा कार्यान्वयन गरिने विकास आयोजनाहरुको लागि कोरिडोर तोक्ने" सम्बन्धी प्रारम्भिक प्रतिवेदन बैठकमा प्रस्तुत भई जानकारी प्राप्त भयो। उक्त प्रतिवेदन उपर बैठकमा प्राप्त सुझावहरु एवम् प्रतिवेदनले औंल्याएका विषयहरुलाई समेटी सोही समितिले आवश्यकता अनुसार विज्ञहरु समेतको परामर्शमा विस्तृत अध्ययन गरी प्रतिवेदन तयार गर्ने । उक्त समितिको कार्यविधि समिति आफैंले निर्धारण गर्नेछ ।

२. सन् २०१९ नोभेम्बर ४ देखि ७ सम्म काठमाडौंमा आयोजना हुने **SUN Global Gathering, 2019** को तयारीका सम्बन्धमा सुशासन तथा सामाजिक विकास महाशाखाबाट हालसम्म भए गरेका कार्यहरु तथा भावी कार्ययोजना सहितको जानकारी प्राप्त भयो ।